# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

| खण्डः ५ | संख्याः २३ | मितिः २०७९।०६।१४ |
| --- | --- | --- |


## भाग-२

## अनुदान शिक्षक कार्यविधि-२०७९

**प्रस्तावनाः**

यस सुनिलस्मृति गाउँपालिकाका शिक्षक विद्यार्थी अनुपात धैरे भएका वा शिक्षक दरबन्दी नभएका सामुदायिक विद्यालयमा भएको शिक्षक अभावलाई सम्वोधन गर्न, नि:शुल्क शिक्षाको प्रत्याभूत गराउदै गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वितरण गरीने शिक्षक अनुदान रकमलाई व्यवस्थित र एकरुपता कायम गर्न वाञ्छनीय भएकोले,

सुनिलस्मृति गाउँपालिकाले यो **अनुदान शिक्षक कार्यविधि, २०७९** बनाई लागू गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम अनुदान शिक्षक कार्यविधि-२०७९ रहेको छ।

ख. यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "अनुदान शिक्षक" भन्नाले यसै कार्यविधि वमोजिम नियुक्त अनुदान शिक्षक सम्झनुपर्छ।

ख. "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति बाबु,आमा,बाजे,बज्यै,धर्म बाबु, धर्म आमा र त्यस्ता अभिभावक नभएको हकमा विद्यार्थीलाई प्रचलित कानुन अनुसार संरक्षकत्व प्रदान गर्ने व्यक्ति सम्झनुपर्छ।

ग. "आधारभूत (नि.मा.वि.) तह" भन्नाले कक्षा ६-८ सञ्चालन भएको विद्यालय सम्झनुपर्छ

घ. "आधारभूत (प्राथमिक) तह"भन्नाले कक्षा १ देखि  कक्षा ५ सम्म सञ्चालन भएको विद्यालय सम्झनुपर्छ

ङ. "कार्यविधि" भन्नाले अनुदान शिक्षक कार्यविधि-२०७९ सम्झनुपर्छ।

च. "गाउँपालिका" भन्नाले सुनिलस्मृति गाउँपालिकालाई सम्झनुपर्छ।

छ. "प्रअ" भन्नाले विद्यालयको शैक्षिक एवं प्रशासनिक प्रमुखलाई सम्झनुपर्छ।

ज. "माध्यमिक तह" भन्नाले कक्षा ९-१० वा कक्षा ९-१२ सञ्चालन भएको विद्यालय सम्झनुपर्छ।

झ. "विव्यस" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

ञ. "शिक्षक अभिभावक संघ" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघलाई सम्झनुपर्छ।

ट. "सम्बन्धित निकाय" भन्नाले विद्यालय, सुनिलस्मृति गाउँपालिका, शिक्षा विकास तथा समन्वय इकाइ रोल्पा,प्रदेश शिक्षा निर्देशनालय लुम्बिनि प्रदेश,शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षासँग सम्बन्धित संघीय तथा प्रदेश मन्त्रालयलाई प्रसंग अनुसार सम्झनुपर्छ।

ठ. "सामाजिक परीक्षण समिति" भन्नाले विद्यालयको सम्पूर्ण पक्षको आन्तरिक परीक्षण गर्न नियमानुसार गठन भएको सामाजिक परीक्षण समितिलाई सम्झनुपर्छ।

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क. विद्यालयमा शिक्षक अभावलाई आंशिकरुपमा परिपूर्ति गर्नु,

ख. विद्यालय स्तरको शैक्षिक गुणस्तर अभिवृद्धिमा सघाउ पुर्याउनु।

**४. क्षेत्र:** विद्यार्थी अनुपातमा शिक्षक अभाव भएका वा शिक्षकदरबन्दी नभएका सामुदायिक विद्यालयमा अनुदान शिक्षक परिचालनको क्षेत्र रहनेछ।

## परिच्छेद-२

## अनुदान  शिक्षकको शैक्षिक योग्यता र दरवन्दी वितरणको आधार

**५. अनुदान शिक्षक वितरणको आधार:**(१)  गाउँपालिकाबाट अनुदान शिक्षक परिचालनको लागि विनियोजित रकमको परिधिभित्र रही प्रचलित कानुन अनुसार अनुमति वा स्वीकृति प्राप्त सामुदायिक विद्यालयलाई संघ,प्रदेश र स्थानीय तहबाट दोहोरो नपर्ने गरी शुन्य दरबन्दि र विद्यार्थी संख्याको आधारमा तपसिल अनुसार शिक्षकको व्यवस्था गरिनेछ।

क. शुन्य दरवन्दी भएको विद्यालयमा विद्यार्थी संख्या जति भएपनि

- आधारभूत तह कक्षा १–३ संचालित विद्यालयमान्युनतम१ जना।
- आधारभूत तह कक्षा १–५ संचालित विद्यालयमा न्युनतम२ जना।

- आधारभूत तह कक्षा ६-८ संचालित विद्यालयमान्युनतम ३ जना।
- माध्यमिक तह कक्षा ११-१२ संचालित विद्यालयमा न्युनतम  २जना

ख. कम्तिमा १ दरबन्दि प्राप्त गरि संचालन भएकोमा

- आधारभूत तह कक्षा १–३ संचालित विद्यालयमाकम्तिमा ५० जना विद्यार्थी भए न्युनतम २ जना।
- आधारभूत तह कक्षा १–५ संचालित विद्यालयमाकम्तिमा १५० जना विद्यार्थी भए न्युनतम ३ जना।
- माध्यमिक तह संचालित विद्यालयमा आधारभूत तह कक्षा ६–८ र माध्यमिक तह कक्षा ९–१०मा (साविकका निम्न माध्यमिक र माध्यमिक तहका )  न्युनतम ३/३ जनाबरावर र सम्बन्धित तहमा विद्यार्थी संख्या२०० भन्दा बढी भए थप १ जना।तर यस प्रकारको शिक्षक थप गर्दा आधारभूत  तहमा मौजुदा दरवन्दि १० भन्दा वढि भए वढि हुन आउनेलाइ नै समायोजन गर्नुपर्नेछ।

(२) अनुदान शिक्षक परिचालनको लागि मापदण्ड तयार तथा पारिश्रमिक रकम निर्धारण गर्दा गाउँपालिकाबाट विनियोजित रकमको सीमाभित्र रही विद्यालयको तह र विद्यार्थी संख्याको आधारमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट स्वीकृत गर्नुपर्नेछ।

(३) उपदफा २ बमोजिम गाउँ कार्यपालिकामा स्वीकृतिको लागि पेस गर्दा  शिक्षक विवरण र पारिश्रमिक क्रमशः अनुसूची १ र २ बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ।

६. **शैक्षिक योग्यता**:(१) यस कार्यविधि वमोजिमको विज्ञापनमा उम्मेदवारीको लागि आवश्यकशैक्षिक योग्यता प्रचलित ऐन तथा नियमावली अनुसार हुनेछ।

७. **अध्यापन अनुमति पत्र**:(१) यस कार्यविधि वमोजिमको विज्ञापनमा उम्मेदवारीको लागि अध्यापन अनुमति पत्र अनिवार्य हुनुपर्नेछ।

(२) उप नियम (१) मा जुनसुकै कुरा लेखेको भए तापनि शिक्षक नियुक्ति प्रक्रियाको लागि १५ दिनको विज्ञापन प्रकाशन गर्दा अध्यापन अनुमति प्राप्त कुनै पनि उम्मेदवारको दरखास्त नपरेमा पुन: ७ दिनको विज्ञापनमा प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको व्यक्ति आधारभूत (प्रा.वि.) तह, गणित, विज्ञान र अंग्रेजी विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको व्यक्ति आधारभूत (नि.मा.वि.) तह तथा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको व्यक्ति मा.वि. (९-१०) तह र स्नातकोत्तर परीक्षा उत्तीर्ण गरेको व्यक्ति मा.वि. (११-१२) तहको सम्वन्धित विषयमा अध्यापन अनुमति पत्र प्राप्त नगरे पनि यस प्रकारको विज्ञापनमा उम्मेदवार हुन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उम्मेदवार भएको व्यक्ति अनुदान शिक्षक पदमा नियुक्त भएमा निजको नियुक्ति पछि पाँच वर्ष भित्र शिक्षक सेवा आयोगले लिएको परिक्षावाट सम्वन्धित तहको अध्यापन अनुमति पत्र लिई सक्नु पर्नेछ।

(४) उपदफा (३) वमोजिम अध्यापन अनुमति पत्र प्राप्त नगरेमा त्यस्तो अध्यापन अनुमतिपत्र प्राप्त नगर्ने अनुदान शिक्षक पदवाट वर्खास्त हुनु पर्नेछ ।

## परिच्छेद-३
## पदपूर्ति, नियुक्ति प्रक्रिया र काम कर्तव्य

८. **पदपूर्ति**: (१) गाउँपालिकाबाट अनुदान शिक्षकको संख्या निर्धारण भएको पत्र प्राप्त भएपछि सम्बन्धित विद्यालयले प्राथमिक तह बाहेक आधारभूत तह (६-८) र माध्यमिक तह (९-१०) मा अंग्रेजी,विज्ञान र गणित मध्ये र मा.वि. (११-१२) मा विषयगत आवश्यकताका आधारमा पदपूर्ती गर्नका लागि विद्यालय व्यवस्थापन समितिले निर्णय गरी गाउँ पालिकाको शिक्षा शाखामा सिफारिस गर्नु पर्नेछ ।

(२) विद्यालयलाइ आवश्यक पर्ने शिक्षकहरुको लागि आवश्यक पद संख्या, आवश्यक योग्यता (विषयगतका हकमा विषय समेत उल्लेख गरी) परीक्षा हुने मिति, समय र स्थान सहित अन्य विवरण खुलाई कम्तीमा १५ दिनको म्याद राखी उपदफा ४ बमोजिमको शिक्षक छनौट समितिले गाउँपालिकाको सूचना पाटि तथा वेवसाईटमा, विभिन्न सामाजिक संजालमा समेत सूचना प्रकाशन र प्रशारण गर्नुपर्नेछ । तर विद्यालयगत अनुदान कोटालाइ एकत्रित गरी सबै अनुदान कोटाको एकैचोटि पदपूर्ती हुने गरी तहगत रुपमा गाउँपालिकाबाट विज्ञापनको सूचना निकाल्न यस दफाले वाधा पुर्याएको मानिने छैन ।

(३) प्रकाशित विज्ञापनमा तोकिएको म्यादभित्र अनुसुचि ३ को ढाँचामा पर्न आएको दरखास्त उपर प्रारम्भिक छानविन गरी आवश्यक न्युनतम योग्यता पुगेका उम्मेदवारहरुलाई मात्र परीक्षामा सामेल गराई नियुक्तिका लागि उम्मेदवारको छनौट गर्नु पर्नेछ ।

(४) अनुदान शिक्षक पदपूर्तिका लागि देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछ ।

- क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक
- ख. गाउँपालिकामा सूचिकृत भएका विषय विज्ञमध्येबाट गाउँपालिका प्रमुखले मनोनित गरेको सम्बन्धित तह वा माथिल्लो तहको सम्बन्धित विषयको एक जना विषय विशेषज्ञ - सदस्य
- ग. सम्बन्धित विद्यालयको विव्यस अध्यक्ष वा अध्यक्षले तोकेको प्रअ प्रतिनिधि १ जना -सदस्य
- घ. शिक्षा सम्बन्धि काम गर्ने सहायक स्तरको कर्मचारी १ जना - सदस्य
- ङ. शिक्षा अधिकृत - सदस्य सचिव

उपदफा ४ बमोजिमको समितिले परीक्षा सम्बन्धि आवश्यक कार्य गर्न अन्य कर्मचारीहरु खटाउन सक्ने छ र समितिको सचिवालय गाउँपालिकाको शिक्षा शाखामा रहनेछ ।

(५) शिक्षक छनौट समितिको मनोनित सदस्यको पदावधि शिक्षक छनौट प्रकृया पुरा गरी नियुक्तिको लागि सिफारिस गर्ने कार्य भएपछि स्वतःसमाप्त हुनेछ ।

(६) उपदफा ४ (ख) को प्रयोजनका लागि शिक्षा शाखाले विषय विशेषज्ञको सुचि प्रत्येक वर्ष अध्यावधिक गरि राख्नु पर्नेछ । अध्यावधिक विषयविज्ञको सुचि प्रकाशित भएपछि पहिलेको सुचि स्वतः खारेज हुनेछ ।

(७) विषयविज्ञबाट निर्मित प्रश्नपत्रहरुलाइ शिक्षा अधिकृतले आवश्यकतानुसार सम्बन्धित विषयविज्ञ

समेत समावेश गरी मोडरेसन गरेर प्रश्नपत्र बैंकमा राख्नु पर्ने छ ।

(८) शिक्षक छनौट समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम अनुसार लिखित तथा अन्तर्वार्ता परीक्षा र आवश्यकतानुसार प्रयोगात्मक परीक्षा लिने ।

ख. परीक्षालाइ शान्त र मर्यादित ढंगले संचालन गर्ने ।

ग. सफल उम्मेदवारलाई नियुक्तिको लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने ।

घ. सिफारिस भएका र वैकल्पिक उम्मेदवारको नाम शिक्षा शाखामा पठाउने ।

ङ. परीक्षा सम्बन्धि अन्य कार्य गर्ने ।

**९. परीक्षा संचालन र नियुक्ति प्रकृया:(१) गाउँपालिकाको अनुदानशिक्षकको परीक्षा र नियुक्ति देहाय अनुसार गर्नु पर्नेछ ।**

क. **लिखित परीक्षाको लागि आवश्यक प्रश्नपत्र प्रश्न बैंकबाट शिक्षक छनौट समितिको संयोजकले परीक्षा संचालन हुनभन्दा आधा घण्टा अघि कम्तिमा ३ सेट प्रश्नपत्र बाट १ सेट छानि शिक्षक छनौट समितिको रोहवरमा गोप्य रुपमा प्रतिलिपि बनाइ परीक्षा संचालन गर्नु पर्नेछ ।**

ख. **उत्तर पुस्तिकामा कोडिङ डिकोडिङ गर्ने कार्य संयोजक वा निजले तोकेको सदस्यले गरी शिक्षा अधिकृतको रोहवरमा सम्बन्धित विषय विज्ञबाट छनौट समितिले तोकेको स्थानमा उत्तर पुस्तिका परीक्षण गर्नुपर्नेछ ।**

ग. **समितिले छनौट प्रकृया सम्बन्धि आवश्यक निर्णयहरु गरी सुरक्षितसाथ राख्नुपर्नेछ । समितिका पदाधिकारीहरु र खटाईएका कर्मचारीहरुले गाउँपालिकाले तोके बमोजिमको बैठक भत्ता पाउनेछन् ।**

घ. उम्मेद्वारले गाउँपालिकाले तोकेको शुल्क तोकिएको कोषमा जम्मा गर्नुपर्नेछ र यसरी जम्मा भएको आम्दानीको रकमलाइ परीक्षा संचालन सम्बन्धि कार्यमा खर्च गर्नु पर्नेछ । यसरी जम्मा भएको रकमले नपुग भएमा गाउँपालिकाले अन्य स्रोतबाट व्यहोर्नेछ ।

ङ. शिक्षक छनौट परीक्षा संचालन र व्यवस्थापकीय कार्यका सम्बन्धमा गाउँ शिक्षा समितिले अनुगमन गरी समितिलाइ आवश्यक सुझाव दिन सक्नेछ ।

च. **छनौट समितिको सिफारिसमा सफल उम्मेदवारलाइ बढीमा एक आर्थिक वर्षका लागि करार सम्झौता**

**सहित नियुक्ति गरी सोको जानकारी शिक्षा शाखामा दिनुपर्नेछ ।**

छ. गाउँपालिकाले शिक्षक अनुदानलाई निरन्तरता दिने सुनिश्चित भएपछी मात्र एक पटकमा एक आर्थिक वर्षमा नबढाई कार्य सम्पादनको आधारमा करार सम्झौता म्याद थप गर्न सक्नेछ ।

ज. नतिजा प्रकाशन भइ नियुक्तिको लागि सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र नियुक्ति लिइ सक्नुपर्नेछ अन्यथा वैकल्पिक उम्मेदवारलाइ नियुक्ति दिन सकिनेछ ।

झ. नियुक्ति को लागि सिफारिस भई आएको उम्मेदवारलाइ नियमानुसार नियुक्ति तथा हाजिर गराउने जिम्मा सम्बन्धित विद्यालयको हुनेछ । विद्यालयले सिफारिस भई आएको १५ दिनभित्र हाजिर नगराएको खण्डमा उक्त विद्यालयको अनुदानकोटा आवश्यकताको आधारमा अन्य विद्यालयलाई गाउँशिक्षा समितिको निर्णयानुसार दिईनेछ ।

**१०.अन्तर्वार्ता सम्वन्धि व्यवस्था:** अन्तर्वार्ताको लागि छुट्टाइएको पच्चीस अंक देहाय वमोजिम दिइनेछ ।

(क)शैक्षिक योग्यता बापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता प्रथम श्रेणी भए छ अंक, द्बितीय श्रेणी भए चार अंक र तृतीय श्रेणी भए दुइ अंकका दरले बढीमा छ अंक । अक्षरांक पद्धतिको लागि जिपिए १.६ देखि २ भन्दा कम, २ देखि २.८ भन्दा कम र २.८ देखि माथिको लागि क्रमशः २,४ र ६ अंक । माथिल्लो योग्यता वापत उल्लेखित मापदण्ड अनुसार बढिमा २ अंक ।

(ख)माथिल्लो शैक्षिक योग्यता वापत प्रथम श्रेणी भए चार अंक र द्बितीय श्रेणी भए दुइ अंक । अक्षरांक पद्धतिको लागि उपदफा (क) बमोजिमको मापदण्ड अनुसार बढिमा ४ अंक ।

(ग)अन्तर्वार्ता बापत पन्ध्र अंक

तर अन्तर्वार्ताको अंक दिदा कुनै उम्मेदवारलाइ ७० प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम दिनुपर्ने भएमा त्यस्तो नम्बर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ ।

**११.काम, कर्तव्य र अधिकार**ः यस कार्यविधि अनुसार नियुक्त भएका अनुदान शिक्षकहरुको काम, कर्तव्य र अधिकार यसै कार्यविधि र यस कार्यविधिमा लेखिए वाहेक अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद-४
## पारिश्रमिक र विदा

**१२. पारिश्रमिक:** गाउँपालिकाको अनुदानबाट नियुक्त भएको शिक्षकले विद्यालयमा हाजिर भएको मितिदेखि गाउँपालिकाले तोके बमोजिमको पारिश्रमिक मासिक वा त्रैमासिक रुपमा निर्वाह खर्च बापत पाउनेछ ।

**१३.विदा**ः **(**१) अनुदान शिक्षकले वर्ष भरीमा भैपरी विदा ६ दिन, पर्व विदा ६ दिन, किरिया विदा १५ दिन पाउनेछ ।

(२) उपदफा १ बमोजिमको विदा अवधिको पारिश्रमिक पुरा उपलब्ध गराइने छ ।

(३) विदा अधिकार नभई सहुलियत मात्र हुनेछ ।

**१४.काज**ः अनुदानबाट नियुक्त शिक्षकलाई गाउँशिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले काज सरुवा वा दरबन्दी मिलान सम्बन्धि आवश्यक निर्णय गर्न सक्नेछ ।

## परिच्छेद-५
## आचार संहिता

**१५. अनुदान शिक्षकको आचारसंहिता**: (१) गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकले देहायको आचारसंहिता पालना गर्नुपर्नेछ।

क. नियमित रुपमा विद्यालयले तोकेको पोशाकमा हाजिर भई अनुशासित रुपमा तोकिएको आफ्नो जिम्मेवारी पूरा गर्ने।

ख. विद्यार्थी र शिक्षकहरु बीच मर्यादित व्यवहार गर्ने।

ग. आफ्नो पेशाप्रति इमान्दार रही विद्यालयको चौतर्फी विकासमा जोड दिने।

घ. जुनसुकै परिस्थितिमा पनि विद्यालयका गोप्य राख्नुपर्ने कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रकट गर्न नपाइने।

ङ. पद अनुसारको आचरण पालना गर्ने।

च. विद्यालयको हित विपरित कार्यमा सहभागी भई कार्यालय घेराउ गर्ने,तालाबन्दी गर्ने, शारिरीक वा मानसिक दवाब दिने उद्देश्यले कुनै किसिमको कार्य गर्न वा गराउन नपाइने।

छ. मादक पदार्थको सेवन गरी विद्यालय परिसरभित्र प्रवेश नगर्ने।

ज. आर्थिक अनुशासन भित्र रहने।

झ. विदा बस्दा स्विकृत लिएर मात्र बस्ने।

(२) शिक्षकले पालना गर्नुपर्ने अन्य आचारसंहिता प्रचलित ऐन तथा नियमावली बमोजिमहुनेछ।

## परिच्छेद-६
## सजाय सम्बन्धि व्यवस्था

**१६. सजाय सम्बन्धी व्यवस्था:** (१) उचित र पर्याप्त कारण भएमा यस प्रकारको अनुदानबाट नियुक्त शिक्षकलाई देहाय बमोजिमको सजाय गर्न सकिनेछ।

क. नसिहत दिने,

ख. तलब रोक्का गर्ने,

ग. आवश्यक क्षतिपूर्ति भराउने,

घ. निश्चित समयको लागि निलम्बन गर्ने,

ङ. सेवाबाट हटाउने वा बर्खास्त गर्ने,

**१७.नसिहत दिने**: विद्यालयमा अनुपस्थित रहने,जिम्मेवारी पूरा नगर्ने,समय पालना नगरेमा निजलाई नसिहत दिन सकिनेछ।

**१८. पारिश्रमिक रोक्का गर्ने**: देहायको अवस्थामा शिक्षकको पारिश्रमिक रोक्का गर्न सकिनेछ।

क) अनुशासनहीन काम गरेमा,

ख) बारम्बार विद्यालयले दिएको निर्देशन पालना नगरेमा,

ग) विना सूचना विद्यालयमा अनुपस्थित रहेमा,

घ) आफ्नो पदीय जिम्मेवारी पालना नगरेमा,

ङ) विद्यालयको गोपनियता भंग गरेमा,

च) यस कार्यविधि र प्रचलित कानुनमा उल्लेखित आचारसंहिताको पालना नगरेमा,

**१९.आवश्यक क्षतिपूर्ति भराउने**: कुनैपनि शिक्षकले जानाजानी लापर्वाही गरी विद्यालयलाई कुनै हानी नोक्सानी गरे वा गराएमा त्यसरी हुन गएको क्षतिको रकम आंशिक वा पूरा रुपमा निजको पारिश्रमिकबाट कट्टा गरी असुलउपर गरिनेछ र तलबबाट नपुग रकम निजको जायजेथाबाट असुलउपर गरिनेछ ।

**२०.निश्चित समयको लागि निलम्बन गर्ने**: शिक्षकलाई सजायको आदेश दिनुभन्दा अघि कुनै विषयमा जाँचबुझ गर्नुपरेमा निजलाई सजाय गर्ने अधिकारीले निश्चित समयको लागि निलम्बन गर्न सक्नेछ ।

**२१.सेवाबाट हटाउने वा बर्खास्त गर्ने**: देहायको अवस्थामा शिक्षकलाई शिक्षण संस्थामा नोकरीको लागि अयोग्य नठरिने गरी सेवाबाट हटाउन सकिनेछ ।

क) आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा, मादक पदार्थ सेवन गरी विद्यालय आएको प्रमाणित भएमा,

ख) विदा स्वीकृत नगराई पन्ध्र दिनसम्म अनुपस्थित भएमा,

ग) विद्यालयलाई हानी नोक्सानी हुने कार्य गरेमा,

घ) अनुशासन र आचरण सम्बन्धी व्यवस्था बारम्बार उल्लंघन गरेमा,

ङ) मगज बिग्रेमा,

च) विद्यालयलाई असर पर्ने गरी एउटै समयमा अन्य संस्थामा काम गरेमा,

**२२.सजाय गर्ने अधिकारी**: गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछन् ।

क) शिक्षकहरुलाई नसिहत दिने,गएल कट्टा गर्ने अधिकार प्रधानाध्यापकलाई हुनेछ ।

ख) शिक्षकलाई निलम्बन गर्ने,पारिश्रमिक रोक्का गर्ने,सेवावाट हटाउने वा वर्खास्त गर्ने अधिकार विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिलाई हुनेछ ।

तर सजाय दिने अधिकारीले कुनै शिक्षकलाई सजायको आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ र सम्बन्धित शिक्षकले पनि तोकिएको म्यादभित्र आफ्नो सफाइ पेश गर्नुपर्नेछ ।

## परिच्छेद-७

## सम्बन्धित निकायको भूमिका

**२३. स्थानीय तहको भूमिका:**अनुदान शिक्षकको परिचालन सम्बन्धमा स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछ।

१) अनुदान शिक्षकको पारिश्रमिक मासिक वा त्रैमासिक रुपमा निकासा गर्ने ।

२) अनुदान शिक्षकको कार्यसम्पादनको नियमित अनुगमन गर्ने ।

३) विद्यालयगत रुपमा अनुदान शिक्षक विवरण अध्यावधिक गरी राख्ने ।

४) यस कार्यविधिअनुसार तोकिएको कार्य गर्ने ।

५) अन्य कार्य गर्ने ।

**२४.विद्यालयको भूमिका:** अनुदान शिक्षक परिचालनसम्बन्धमा विद्यालयको भूमिका देहाय बमोजिम हुनेछन।

१) करार सम्झौता सहित नियुक्ति नियुक्ति दिने व्यवस्था गरी विद्यालयमा हाजिर गराउने र सो को जानकारी शिक्षा शाखालाई गराउने ।

२) अनुदान शिक्षकको जिम्मेवारी बाँडफाड र आचार संहिता बनाइ कार्यान्वयन गराउने ।

३) नियमित अनुगमन गर्ने ।

४) आवश्यक अन्य कार्य गर्ने ।

## परिच्छेद-८
## शिक्षक अनुदान बन्द गर्न सकिने

**२५. शिक्षक अनुदान वन्द गर्न सकिने:** विद्यालयमा उपलब्ध गराउने गाउँपालिकाको अनुदान रकम गाउँशिक्षा समितिको सिफारिसमा देहायका आधारमा गाउँ कार्यपालिकाले रोक्का वा बन्द गर्न सक्ने छ ।

क. शिक्षक तथा कर्मचारी दरबन्दी स्थायी रुपमा सिर्जना वा पदपूर्ति भइ आएमा ।

ख. संघीय वा प्रादेशिक सरकारबाट शिक्षक तथा कर्मचारी व्यवस्थापनको लागि अनुदान प्राप्त भएमा ।

ग. विद्यालय मर्ज वा तह तथा कक्षा घटुवा परेमा ।

घ. गाउँ कार्यपालिकाले मनासिव ठहराएका अन्य आधारहरु ।

## परिच्छेद-९
## विविध

**२६.विविध:**

क. यस कार्यविधिको संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।

ख. यस कार्यविधिमा उल्लेख नभएका कुराहरु गाउँ कार्यपालिकाको बैठकको निर्णय बमोजिम हुनेछ ।

ग. यस कार्यविधिमा उल्लेखित कुनै व्यवस्थाका विषयमा कुनै दुविधा भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

घ. यो कार्यविधि स्विकृत हुनुभन्दा अघि अनुदान शिक्षक व्यवस्थापन सम्बन्धि भए गरेको सम्पूर्ण कार्यहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

ङ. अनुदान शिक्षक कार्यविधि २०७८ खारेज गरिएको छ ।

# अनुसूची-१

## दफा ५ को उपदफा ३ सँग सम्बन्धित

| क्र.स. | विद्यालयको नाम | अनुदान शिक्षक संख्या विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.वि (१-५) | | आ.वि(६-८) | | मा.वि. (९-१० ) | | मा.वि.(११-१२) | |
| | | मौजुदा | थप | मौजुदा | थप | मौ जुदा | थप | मौजुदा | थप |
| १ | देविभक्त आ.वि.थुम्पाकी | ५ | | | २ | | | | |
| २ | रामेश्वरी मा.वि. घोडागाउँ | ७ | | ४ | | ६ | | २ | |
| ३ | गंगा प्रा.वि. पंचिकोट | ३ | | | | | | | |
| ४ | शिशुकल्याण प्रा.वि. घोडाकोट | १ | | | | | | | |
| ५ | जनएकता प्रा.वि. बरनेटा | १ | १ | | | | | | |
| ६ | ज्योति प्रकाश मा.वि. हरिगाउँ | ४ | | ३ | | ४ | | | |
| ७ | ज्ञानोदय आ.वि. महेन्द्री | ५ | | | २ | | | | |
| ८ | कालिका प्रा.वि. खुंग्रिकोट | २ | | | | | | | |
| ९ | त्रिपुरेश्वरी मा.वि. खुंग्री | ४ | | ४ | | ४ | | | २ |
| १० | रामज्योति प्रा.वि. खलसिंगे | ३ | | | | | | | |
| ११ | सरस्वति प्रा.वि. गोगनपानि | | १ | | | | | | |
| १२ | हृदयश्वरी आ.वि. हिले | ६ | | | २ | | | | |
| १३ | दिपेन्द्र प्रा.वि. धनचौर | १ | | | | | | | |
| १४ | चन्द प्रभा मा.वि. मिझीङ | ६ | | ४ | | ३ | | | २ |
| १५ | सरस्वति प्रा.वि. खारा | ४ | | | | | | | |
| १६ | गोपितारा प्रा.वि. पिपलधारा | | १ | | | | | | |
| १७ | बिमदपुँज प्रा.वि. | | १ | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ओखारी | | | | | | | | |
| १८ | जनता आ.वि. कोइरालखर्क | ६ | | | २ | | | | |
| १९ | सुर्योदयमा.वि. सुलिचौर | १० | | ३ | | ३ | | | २ |
| २० | सरस्वती प्रा.वि. बाग्मा | ३ | | | | | | | |
| २१ | बराहक्षेत्र प्रा.वि. धनाचौर | | १ | | | | | | |
| २२ | सुर्योदय आ.वि. क्वालिगाउँ | ६ | | | २ | | | | |
| २३ | बालबोध आ.वि. काभ्रा | ३ | १ | | २ | | | | |
| २४ | उदय प्रा.वि. रिझा | ३ | | | | | | | |
| २५ | जिवनोद्वार प्रा.वि. मंघा | ३ | | | | | | | |
| २६ | जनोद्वार प्रा.वि. गजुल | २ | | | | | | | |
| २७ | सरस्वती प्रा.वि. गजुल | ३ | | | | | | | |
| २८ | शिशु कल्याण प्रा.वि. गजुल | २ | | | | | | | |
| २९ | जनज्योति मा.वि. गजुल | ६ | | ५ | | ६ | | २ | |
| ३० | जनकल्याण आ.वि. पानिपोखरा | ४ | | | २ | | | | |
| ३१ | शिवालय प्रा.वि. तेवाङ | २ | १ | | | | | | |
| ३२ | ने.रा.मा.वि. तेवाङ | ५ | | २ | १ | | ३ | | २ |
| ३३ | नव नमुना प्रा.वि. तेवाङ | | १ | | | | | | |
| ३४ | लिस्ने प्रा.वि. तेवाङ | | २ | | | | | | |
| ३५ | जन प्रिय नमुना प्रा.वि. तेवाङ | | १ | | | | | | |
| ३६ | ने.रा.मा.वि. अरेश | ६ | | ३ | १ | | ३ | | २ |
| ३७ | जनता प्रा.वि. चिन्ने | | २ | | | | | | |
| ३८ | लिस्ने प्रा.वि. अरेश | ३ | | | | | | | |
| ३९ | बाल कल्याण प्रा.वि. अरेश | १ | | | | | | | |
| ४० | जन ज्योति प्रा.वि. अरेश | | १ | | | | | | |
| ४१ | नमुना प्रा.वि. अरेश | | १ | | | | | | |

**अनुसूची-२**

दफा १२ संग सम्बन्धित

**अनुदानबाट नियुक्त शिक्षकको पारिश्रमिक**

(क)आधारभूत तह १-५ मासिक पारिश्रमिक रु १६००० का दरले १२ महिना बराबर

(ख)आधारभूत तह ६-८ मासिक पारिश्रमिक रु १८००० का दरले १२ महिना बराबर

(ग) माध्यमिक तह ९-१० मासिक पारिश्रमिक रु २२००० का दरले १२ महिना बराबर

(घ) माध्यमिक तह ११-१२ मासिक पारिश्रमिक रु २५००० का दरले १२ महिना बराबर

अनुसूची-३

दफा ८ को उपदफा (३) सँगसम्बन्धित

आवेदन फारामको ढाँचा

| फोटो |
|---|

(क) उम्मेदवारले दरखास्त फाराम भरेको पद
सम्बन्धी विवरणः

| | |
|---|---|
| विज्ञापन नं. | पदः |

(ख)उम्मेदवारको वैयक्तिक विवरण :

<table>
<tr><td rowspan="3">उम्मेदवारको</td><td rowspan="2">नाम, थर</td><td colspan="2">(देवनागरीमा)</td></tr>
<tr><td colspan="2">(अंग्रेजीठुलोअक्षरमा)</td></tr>
<tr><td>नागरिकता नं.</td><td>जारी गर्ने जिल्ला :</td><td>लिङ्गः</td></tr>
<tr><td rowspan="2">स्थायीठेगाना</td><td>(क) जिल्ला:</td><td>(ख) न.पा./गा.पा.</td><td>वैवाहिक स्थितिः</td></tr>
<tr><td>(घ) टोल:</td><td>(ङ) मार्ग/घरनं:</td><td>फोननं. :</td></tr>
<tr><td colspan="2">पत्राचार गर्ने ठेगानाः</td><td colspan="2">इ-मेल :</td></tr>
<tr><td colspan="2">बाबुको नाम, थर :<br>आमाको नाम, थर :</td><td colspan="2">बाजेकोनाम, थरः<br>पति/पत्नीकोनाम, थरः</td></tr>
<tr><td colspan="4">आवश्यक न्यूनतम योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता (भएमा उल्लेख गर्ने)</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| जन्म मिति : | (वि.सं.) | मातृभाषाः | हालकोउमेर : वर्षमहिना |

:

| | विश्वविद्यालय/वोर्ड/संस्था | शैक्षिक उपाधि | संकाय | श्रेणी/प्रतिशत | मूलविषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |

| उम्मेदवारको ल्याप्चे सही छाप | | उम्मेदवारको दस्तखत | मिति : |
| --- | --- | --- | --- |
| दायाँ | बायाँ | | |

क. **संलग्न कागजातहरुः**

**(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि २ प्रति**

**(२) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि २ प्रति**

**(३) अध्यापन अनुमतिपत्रको प्रतिलिपि २ प्रति**

**(४) अनुभव भए अनुभवको प्रमाणपत्र**

**(५) शैक्षिक योग्यता सम्बन्धी विवरण**

आज्ञाले,
दिनेश पौडेल
प्रमुख प्रशासकिय अधिकृत